# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

**खण्ड ८** | **संख्या ४३** | **मिति २०८१।११।०१**

# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि- २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१।१०।२८

राजपत्रमा प्रकाशित मितिः२०८१।११।०१

**प्रस्तावना:**

पशुपन्छीपालन व्यवसायमा भएका जोखिमहरु कम गरी ती व्यवसायतर्फ कृषकहरुलाई आकर्षण गर्न पशुपालन क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकोले कृषिको व्यवसायिकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले पशुपन्छी तथा माछापालनमा गरेको लगानीलाई सुरक्षित गर्न माछा, पशुपन्छी र बाली बीमा कार्यक्रममा कृषकले तिरेको बीमा प्रिमियम बापतको ८०% रकम संघीय सरकारले व्यहोर्दै आएको सन्दर्भमा यस शारदा नगरपालिकाले आ.ब.०८१/०८२ मा पशुधनको बीमा प्रिमियममा कृषकले तिर्ने बीमा शुल्कको २०% बीमा प्रिमियम रकमको ५०% रकम नगरपालिकाले व्यहोर्ने गरी बजेट बिनियोजन भए अनुसारको कार्यक्रम कार्यान्वयन गर्न बाञ्छनीय भएकोले शारदा नगरकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न यो कार्यविधि जारी गरेको छ।

**१- संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नाम "पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१" रहेको छ।

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२- **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कार्यविधि" भन्नाले "पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१" सम्झनुपर्नेछ।

ख) "पशुधन" भन्नाले घरपालुवा पशु र पन्छीहरु जस्तै गाई, भैसी,भेडा, बाख्रा, कुखुरा,बंगुर र माछालाई सम्झनुपर्नेछ।

ग) "नगरपालिका" भन्नाले शारदा नगरपालिका सम्झनुपर्नेछ।

घ) "पशु सेवा शाखा" भन्नाले शारदा नगरपालिकाको पशु सेवा शाखा सम्झनुपर्नेछ।

**३- उदेश्यहरु:**

क) कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिक पशुपालनतर्फ आकर्षित गर्न सहयोग गर्ने,

४- **कार्यक्रम संचालन हुने स्थानहरु:** यस शारदा नगरपालिका अन्तरगर्तका सम्पूर्ण वडाहरु।

५- **कार्यक्रमको अवधि:** यस कार्यक्रमको अवधि एक आर्थिक बर्षको हुनेछ।

**६- कार्यक्रम लागु हुने पशुधन**

क) गाई

ख) भैसी

ग) बाख्रा

घ) भेडा

ङ) बंगुर

च) लेयर्स कुखुरा

छ) माछा

ज) लोकल कुखुरा

व्यवसायिक रूपमा पशुपालन गरेकाको हकमा सम्पूर्ण कागजातहरु नवीकरण भएको हुनु पर्नेछ। कुखुरा र माछाको हकमा व्यवसायिक पालन गरेकोलाई मात्र बीमा अनुदान उपलब्ध गराईनेछ।

**७- कार्यक्रम संचालनका लागि कृषक छनौटका आधारहरु:**

क) शारदा नगरपालिका भित्र पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ।

ख) बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनीबाट बीमा गरेको हुनुपर्दछ।

ग) बजेट बिनियोजन भएको आर्थिक बर्षभित्र बीमा गरिएको हुनुपर्नेछ।

**८- कार्यक्रम संचालन प्रक्रिया:**

क) कार्यक्रमको बजेट स्वीकृत भएपछि शारदा नगरपालिका पशु सेवा शाखाले अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना आह्वान गर्नेछ।

ख) अनुदान प्राप्त गर्न इच्छुक कृषकले पशुपन्छी बीमा गरी पशु सेवा शाखाले उपलब्ध गराएको अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

ग) पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट निवेदन स्वीकृत गरिनेछ।

घ) आषाढ मसान्त अगावै यस कार्यक्रमका लागि बिनियोजित सम्पूर्ण बजेट खर्च भएमा कार्यक्रम स्वत: समाप्त हुनेछ।

ङ) पशुधन बीमा कार्यक्रमबाट कृषकहरुले पशु बीमा प्रिमियम बापत तिर्ने बीमा शुल्कको २०% रकमको ५०% रकम शारदा नगरपालिकाले उपलब्ध गराउनेछ।

**९- भुक्तानी प्रक्रिया:**

पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमको भुक्तानी प्रक्रिया पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी पशु सेवा शाखाले आर्थिक प्रशासन शाखाबाट एकमुष्ठ त्रैमासिक रुपमा अनुमानित रकम पेश्की लिई पशु सेवा शाखाबाट कृषकहरुलाई बीमा प्रिमियम बापत तिरेको रकमको ५०% रकम भरपाई गरि भुक्तानी गरिनेछ।

## अनुसूची-१

## पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमका लागि दरखास्त आह्वानको सूचना

शारदा नगरपालिका पशु सेवा शाखाको आ.ब.................. को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिक पशुपालन तर्फ आकर्षित गर्न सहयोग गर्न पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम रहे अनुसार तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुदा सम्म तोकिएको ढाँचा अनुसारको आवेदन फारम पशु सेवा शाखामा पेश गर्नुहोला । बिस्तृत जानकारीको लागि शारदा नगरपालिकाको पशु सेवा शाखा............................मा सम्पर्क राख्नुहुन अनुरोध छ।

**मापदण्ड/आधारहरु**

- शारदा नगरपालिका भित्र पशुपालन वा व्यवसाय गरेको हुनुपर्नेछ।
- बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनीबाट बीमा गरेको हुनुपर्नेछ।
- बजेट बिनियोजित भएको आर्थिक बर्षभित्र बीमा गरिएको हुनुपर्नेछ।
- शारदा नगरपालिका पशु सेवा शाखाले उपलब्ध गराएको ढाँचाको निवेदन
- पशु बीमा प्रमाणपत्रको प्रतिलिपि
- वडा कार्यालयबाट शारदा नगरपालिका भित्र पशुपालन गरेको व्यहोरा सहितको सिफारिस पत्र
- दर्ता फर्म भएमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

## अनुसूची-२

मिति......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

शारदा नगरकार्यपालिकाको कार्यालय खलंगा, सल्यान

बिषय: बीमा प्रिमियम अनुदान रकम पाउँ।

उपरोक्त सम्बन्धमा यस शारदा नगरपालिका पशु सेवा शाखाको आ.ब.२०...../.....मा स्वीकृत पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रमको अनुदान रकमका लागि यसै निवेदन साथ तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

तपसिल

१. पशु बीमा प्रमाणपत्रको प्रतिलिपि

२. वडा कार्यालयबाट शारदा नगरपालिकाभित्र पशुपालन गरेको व्यहोरा सहितको सिफारिस पत्र

निवेदक

हस्ताक्षर:

कृषकको नाम,थर:

कृषकको ठेगाना:

सम्पर्क नं.:

प्रमाणिकरण मिति: २०८१।११।०१

आज्ञाले

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत